# अर्थिक वर्ष २०७८/०७९ को

# बजेट वक्तव्य

**सुनछहरी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**पोवाङ,रोल्पा**
**५ नं प्रदेश नेपाल**

**पेश गरेको मिति-२०७८/०३/१०**

**सुनछहरी गाउँपालिकाको दशौं गाउँसभा**
**गाउँपालिकाका आर्थिक बिकास समितिका संयोजक श्री टिका बहादुर बुढा मगर ज्यूले पेश गर्नु भएकोआर्थिक वर्ष२०७८/०७९ को बजेट वक्तव्यः**

यस गाउँसभाका सभाध्यक्ष महोदय,
यस गाउँपालिकाका उपाध्यक्ष ज्यू,
प्रमुख अतिथि ज्यू,
अतिथि ज्यू,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
वडाध्यक्षज्यूहरु,
कार्यपालिका सदस्य ज्यूहरु,
वडा समितिका सदस्यज्यूहरु,
रेडक्रस शाखाका प्रतिनिधि ज्यू,
विषयगत शाखा प्रमुखज्यू, तथा अन्यकर्मचारीहरु,
सुरक्षा कर्मी, पत्रकार तथा अन्य उपस्थित दाजुभाई तथा दिदिबहिनिहरु,

कोरोना भाइरसको संक्रमण फैलिएको विषम परिस्थिति बिच यस गरिमामय गाउँसभामा आर्थिक बर्ष २०७८/०७९ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।
आर्थिक बर्ष २०७८/७९ को बजेट प्रस्तुत गरिरहदा म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना सम्मका क्रान्ति तथा संघर्षहरुमा आफ्नो अमुल्य जीबन आहुति गर्नु हुने महान सहिद हरुलाई म स्मरण गर्न चाहन्छु साथै घाइते आपांग र बेपत्ता नागरिकहरुलाई उहाँहरुले दिईएको योगदानको उच्च प्रशंसा गर्दछु I

कोभिड-१९ को कारण बन्दाबन्दीले गर्दा सामाजिक दुरी कायम गर्नुपर्ने बाध्यात्मक अवस्थाको बाबजुद धैर्यताका साथ कोरोना भाइरस नियन्त्रण अभियानमा यस सुनछहरीबासीहरुले दिनुभएको साथ र सक्रियतालाई म सुनछहरी गाउँपालिकाको तर्फबाट सम्पूर्णमा उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु । साथै आगामी दिनमा समेत यसमा निरन्तरता दिनु हुनेछ भन्ने आशा लिएको छु ।

गत बर्ष विश्वका विभिन्न मुलुकमा देखा परेको कोभिड-१९ विभिन्न माध्यमबाट नेपालमा समेत प्रवेश गरी मुलुकभर संक्रमण फैलिएको अवस्था थियो र यस गाउँपालिकामा समेत ठुलो असर पारेको अवस्था थियो । उक्त समयमा सुनछहरी गाउँपालिकाले मुलुकका विभिन्न भागबाट यस गाउँपालिकामा भित्रिने नागरिकहरूलाई सुरक्षित रूपमा क्वारेन्टाइनमा राख्ने, स्वास्थ्य मापदण्ड अनुसार सामाजिक दुरी कायम गर्ने, स्वास्थ्य चेकजाँच, PCR, RTD र एन्टिजेन जाँच गर्ने व्यवस्था मिलाएको थियो । प्रदेश सरकारको सहयोगमा कोभिड प्रभावितहरूको लागि कृषि अनुदान

समेत प्रदान गरेको थियो । कोभिड १९ कै कारण हाम्रो गाउँपालिकाको गत वर्षको बजेट कार्यान्वयनमा समेत असर पुगेको थियो, लकडाउन लगायतका विभिन्न समस्याका बावजुद पनि हामीले सबैको सहकार्य र समन्वयबाट विकास निर्माणका कार्य सम्पन्न गरेका थियौ। गत वर्षको उक्त विषम परिस्थितिले हाम्रो गाउँपालिकाका नागरिकहरूको आयस्रोतमा व्यापक गिरावट आएको अवस्था छ।

गत वर्ष जस्तै यस बर्ष पुनः कोभिड १९ को प्रभाव व्यापक रूपमा बढी मुलुकभर धैरै ब्यक्तिले ज्यान गुमाउनु परेको छ। रोल्पा जिल्ला बासी धैरै नागरिकको कोभिडकै कारण मृत्यु भएको अवस्था छ। यस गाउँपालिकाले कोभिड १९ नयाँ संक्रमणको सामना गर्न आफ्नो तर्फबाट सक्दो प्रयास गरेको छ। र हाल सम्म हाम्रो पालिका भित्र कसैको पनि यसबाट मृत्यु भएको अवस्था छैन। यतिबेला सिंगो समाज र अर्थतन्त्र दुवै राहत र पुन:स्थापनाको पर्खाईमा छन्। राज्यको आयस्रोतमा तिब्र गिरावट आएको छ । तैपनि स्थानीय सरकारको नाताले नागरिकको अभिभावकत्व र संरक्षण प्रदान गर्न प्राथमिकताका साथ जिम्मेबारी लिएका छौ।

यावत समस्याहरूका बाबजुत उपलब्ध सीमित स्रोतसाधनलाई आबस्यकता अनुसार प्राथमिकिकरण गरी योजना बनाई कार्यन्वयन गर्ने प्रयास गरेको छु।

अव म यस गाउँ सभामा चालु आ.व. ०७७/७८ को संसोधित अनुमान प्रस्तुत गर्दछु।

चालु आ.ब २०७७/७८ मा यस सुनछहरी गाउँपालिकाको लागि संघीय सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत वित्तिय समानीकरण अनुदान रकम रु. **७ करोड ३७ लाख,** शसर्त अनुदान चालु रू. **१४ करोड ३४ लाख १ हजार ६ सय बीस रूपैयाँ** बिशेष अनुदान चालु रू. **५० लाख** समपुरक अनुदान रू. **२४ लाख** राजश्व बाँडफाँडबाट रू. **७ करोड २३ लाख १९ हजार नब्बे रूपैयाँ** गरी संघीय सरकारबाट जम्मा रू. **३३ करोड ४० लाख ११ हजार ७ सय १० रूपैयाँ** प्राप्त भएको थियो।

त्यसै गरी प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान अर्न्तगत रू. **५० लाख ८९ हजार,** शसर्त अनुदान **रू. १ करोड ४८ लाख ५० हजार** समपुरक अनुदान **रू. १ करोड १२ लाख ५२ हजार** बिषेश अनुदान **रू ६० लाख** सवारी साधन कर बाँडफाँड अर्न्तगत प्राप्त अनुदानर रू. **२३ लाख ९९ हजार,** गरी जम्मा रू. **३ करोड ९५ लाख ९० हजार** प्राप्त भएको थियो।
त्यसै गरी गाउँपालिकाको आन्तरिक आयबाट रू. १५ लाख र बैंक मौज्दात अल्या रकम रू. **३ करोड ३१ लाख ८८ हजार ७ सय २० रूपैयाँ** गरी जम्मा रू**. ३७ करोड १० लाख ९९ हजार ४**

**सय ३० रूपैयाँ ५७ पैसा** विनियोजन गरिएको थियो । जस मध्ये यो सभा चलिरहदा सम्म विनियोजित स्वीकृत बजेटको पुजिगत र चालु गरी ४७.८४ प्रतिशत खर्च भएको छ।

अब म चालु आ.व.०७७/०७८ मा हाल सम्म भएका मुख्य मुख्य उपलब्धिको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**भौतिक पूर्वाधार तर्फः**

- चालु आ.व.मा ८,६२६ मीटर नयाँ मोटरबाटो ट्र्याक ओपन गर्ने कार्य सम्पन्न भएको छ।
- विगतमा गाउँपालिकाका आफ्नै भवन नहुँदा भाडाको घरबाट कार्यालय संचालन हुदै आएकोमा यसै बर्ष देखि बहुउदेश्यीय हललाई पार्टेशन गरी हाल व्यवस्थित रूपमा दैनिक प्रशासनिक कार्य सुचारू भएको छ।
- आ.व. ०७६/०७७ देखि निर्माण सुरू भएको गाउँपालिकाको प्रशासनिक भवन करिव रू ५ करोडमा **२ वर्ष** भित्र सम्पन्न गरिने लक्ष्यका साथ निर्माण सुरू भएकोमा हाल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- चालु आ.व. मा निर्माण सुरू भइ निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको ६ कोठे गाउँपालिका कर्मचारी आवास भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- प्रदेश सरकारसंगको साझेदारीमा निर्माण भइरहेको रोल्बाङ मा.वि. प्राविधिक शिक्षालय भवन निर्माण योजना टेन्डर प्रक्रियाबाट निर्माणको अन्तिम चरणमा रहेको छ।
- आ.व. ०७६/०७७ देखि प्रदेश सरकारसंगको साझेदारीमा समपूरक योजनाको रूपमा कुल लागत रू. १ करोड ३४ लाखमा निर्माण भइरहेको फगाम खानेपानी तथा सरसफाई आयोजना निर्माणको अन्तिम चरणमा पुगेको छ । चालु आ.व.मा रू. ६० लाखमा आयोजनाको बाँकी काम सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ। यस आयोजना सम्पन्न पश्चात करिव १५०० जनताले खानेपानी सेवा प्राप्त गर्नेछन ।
- प्रदेश सरकारसंगको साझेदारीमा समपुरक योजनाको रूपमा निर्माण भइरहेको फगाम मेहलधारा पोबाङ जोड्ने मोटरबाटो निर्माण योजना चालु आ.व. सम्म फगाम देखि जैमा सम्म ट्याक ओपन गर्ने कार्य सम्पन्न भइसकेको छ।
- विगतमा प्रदेश सरकार र चालु आ.व. मा संघीय सरकार संगको साझेदारीमा निर्माण भइरहेको वडा नं. ३ बाहिरीगामबाट गाजाखोला हुदै गाउँपालिका जोड्ने मोटरबाटो निर्माण योजनाको थप करिव २ किलोमिटर ट्र्याक ओपन गर्ने कार्य सम्पन्न भएको छ । बाँकी खण्डको ट्र्याक खोल्ने कार्य आगामी आ.व. मा सम्पन्न गर्ने लक्ष्य रहेको छ।

- प्रदेश सरकार संगको साझेदारीमा समपूरक योजनाको रूपमा रू. ५० लाखमा बाहिरीगाम मुइकाधारा बासा भित्रीगाम जोड्ने मोटरबाटो निर्माण योजनाको करिव २०६९ मिटर नयाँ ट्र्याक ओपन गर्ने कार्य सम्पन्न भएको छ।
- सडक बोर्ड नेपालको रू. १२ लाख र गाउँपालिकाको रू. ३ लाख गरी कुल रू. १५ लाखमा सालघारी हाम्जा, जेल्बाङ सडक मर्मत सुधार तथा ग्याविन लगाउने कार्य गरिएको छ।
- संघीय सरकारको विषेश अनुदान रू. ५० लाखमा गाउँपालिकाको वडा नं. २ गिच्छे र झेलीगुङ, वडा नं. ३ को पाङबाङ, वडा नं. ४ को राङ्री, वडा नं. ५ को नारबाङ, वडा नं. ७ को खिबाङ, ऐशेलुखर्क र शुल्कबाङमा ८ वटा गाउँघर क्लिनिक भवन निर्माण भएको छ जसबाट स्वास्थ्य सेवामा थप टेवा पुग्न गएको छ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत रोल्बाङ मा.वि जेल्बाङ र नमूना मा.वि कसलामा २ कोठे विद्यालय भवन र जनसेवा मा.वि. सेरम र सिद्ध प्रा.वि झिन्जामा वास सहितको सौचालय  निर्माण भइरहेको छ र निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- विद्यालय पूर्वाधार विकास कार्यक्रम संघको सशर्त अनुदानमा रू. ३६ लाखमा देवी मन्दिर मा.वि. पोबाङमा विद्यालय भवन निर्माण भइरहेको छ र रिपुकोट प्रावि. मा रू. ७ लाखमा वास सहितको सौचालय निर्माण भएको छ।
- प्रदेश सरकार, INF संस्था र गाउँपालिकाको साझेदारीमा वडा नं. २ भित्रीगामको हारबाङ गिच्छेमा रू. १२ लाखमा निर्माण भइरहेको खानेपानी योजना निर्माणको अन्तिम चरणमा पुगेको छ।
- गाउँपालिका र INF संस्थाको साझेदारीमा वडा नं. ३ को बाङनाङ खानेपानी, सोगुङखोला खानेपानी योजना वडा नं. ४ नात्गा खानेपानी योजना निर्माणको अन्तिम चरणमा पुगेको छ।

**आर्थिक विकास तर्फको उपलब्धीः**

**कृषिः**

- ७५% अनुदानमा अदुवाको विउँ वितरणबाट २१ परिवार लाभान्वित भएको छन्।
- ७५% अनुदानमा गहुँको बिउ वितरणबाट ३५ परिवार लाभान्वित भएका छन्।
- उन्नत गहुँको बिउँ, उन्नत मकैको बिउँ र च्याउको बिउँ समूहमा वितरणबाट ७५ परिवार लाभान्वित भएका छन्।
- पि.भि.एस. आलुको बिउँ वितरणबाट ३० परिवार लाभान्वित भएका छन्।

- कृषि व्यवसाय सम्बन्धी स्थलगत घुम्ती तालिम कार्यक्रम अन्तर्गत १५० जना लाभान्वित भएका छन् ।
- कुल लागत रू. ४ लाखमा वडा नं. ४ मा फलफुल नर्सरी स्थापना भएको छ जसबाट गाउँपालिका फलफुलको विरूवामा आत्मनिर्भर हुने तर्फ अगाडि बढेको छ ।
- आलु पकेट कार्यक्रमका लागि कृषकहरूलाई कार्यविधि अनुसार रू. ४ लाख अनुदान प्रदान गरिएको छ । माहुरी पकेट कार्यक्रम अन्तर्गत ६० वटा उन्नत माहुरीको घार वितरण गरिएको छ । हिउँदे फलफुलको विरूवा वितरण कार्यक्रमबाट ओखर र किविको विरूवा २०० परिवारलाई वितरण गरिएको छ ।
- सुनौलो हजार दिनका महिलाका लागि ७० परिवारलाई तरकारीको विउँ वितरण गरिएको छ ।
- १४ परिवारलाई प्लाष्टिकको टनेल वितरण गरिएको छ । करेसाबारी व्यवस्थापन तालिम ३० परिवारलाई प्रदान गरिएको छ ।
- मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत टर्कीबाट आयातित दाँते ओखरको विरूवा ४५ परिवारमा ४८० विरूवा वितरण गरिएको छ ।
- कोभिड कृषि कार्यक्रम मार्फत प्रति परिवार रू. २० हजार अनुदानको लागि ९५ परिवारले गाउँपालिका संग सम्झौता गरी कार्यक्रम संचालन भएको छ । उल्लेखित कार्यबाट गाउँपालिकाका लाभान्वित परिवारको आय आर्जनमा थप मदत पुग्ने देखिन्छ ।

**पशुपन्छी**

- हिउदे जै घाँस बिउ वितरणबाट २३ परिवार लाभान्वित भएका छन् । जुनोटिक रोग बारे सचेतनाका लागि स्कुल प्रशारण शिक्षा कार्यक्रम मार्फत ७ वटा विद्यालयमा संचालन गरिएको छ । पशु सेवा शाखाबाट ३४०० जनाले उपचार सेवा प्राप्त गरेका छन् भने पशु स्वास्थ्य शिविरबाट ५९ जनाले सेवा प्राप्त गरेका छन् ।
- संघ र गाउँपालिकाको लागत साझेदारीमा बंगुरपालन कार्यक्रम २० लाखमामा जेल्बाङमा ४३ घर र जैमाकसलामा १७ गरी जम्मा ६० परिवार लाभान्वित भएका छन् भने सोही अनुसारको २० लाख बराबरको भेडापालन कार्यक्रमबाट भित्रीगाम र घुस्बाङमा गरी ५० परिवार लाभान्वित भएका छन् ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण बाख्रा पकेट कार्यक्रम रू १५ लाखमा घुस्बाङमा ५० परिवार लाभान्वित भएका छन् । उल्लेखित कार्यबाट गाउँपालिकाका लाभान्वित परिवारको आय आर्जनमा थप मदत पुग्ने देखिन्छ ।

- कोभिड कृषि कार्यक्रम अन्तर्गत पशुपालन र कुखुरापालन कार्यक्रममा समेत अनुदान प्रदान गरिएको छ।

**सीप विकासः**

- मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम मार्फत ७ वटै वडाका १४ जना युवाहरूले हाउस वाइरिङ तालिम लिएका छन् भने सोही कार्यक्रम अन्तरगत १४ जना विद्यार्थीले लोकसेवा छात्रवृति कार्यक्रम मार्फत छात्रवृत्तिमा लोकसेवा कक्षा लिएका छन्।
- लघुउद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत उद्यमशिलता विकास तालिम कार्यक्रमबाट १११ जना, प्राविधिक सीप विकास तालिम अन्तर्गत १२४ जना व्यक्ति लाभान्वित भएका छन् भने प्रविधि हस्तान्तरण अन्तर्गत ९५ जना व्यक्ति लाभान्वित भएका छन्।

**सामाजिक विकास तर्फ**

**शिक्षाः**

- चालु आ.व.मा संघको सशर्त अनुदान अन्तर्गत गाउँपालिकाका सबै विद्यार्थीलाई निशुल्क पाठ्यपुस्तक वितरण गरिएको छ, २८०० जना कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूलाई दिवा खाजा खुवाइएको छ। ३ वटा माध्यमिक विद्यालयमा पुस्तकालय, कम्प्युटर ल्याव र ICT स्थापना गरिएको छ । समता रणनीति कार्यक्रम अन्तर्गत अपाङ्ग, विपन्न र विद्यालय बाहिर रहेका करिब २०० बालबालिकालाई सामाग्री र आर्थिक सहायता वितरण गरिएको छ।
- गाउँपालिकामा रहेका ८ वटा मा.वि.को बीचमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गरी खेलकुदको विकासमा टेवा पुग्न गएको छ।
- मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमबाट जेल्बाङमा रहेको प्राविधिक शिक्षालयम अध्ययनरत पशु चिकित्सा पढने ७ जना विद्यार्थीलाई ४० हजारका दरले छात्रवृत्ति उपलब्ध गराइएको छ।

**स्वास्थ्यः**

- कोभिड १९ को संक्रमन नियन्त्रण तथा रोकथाम, अन्य संक्रामक रोग र स्वास्थ्य सुधारको लागि पर्याप्त मात्रामा औषधी खरिद गरी स्वास्थ्य संस्थामा पु-याइएको छ।
- कोभिड नियन्त्रण र रोकथामको लागि ५ बेडको अक्सिजन सहितको आइसोलेसन सेन्टर निर्माण गरिएको छ।

- कोभिड चेकजाँज अन्तर्गत १५२ जनाको  गाउँपालिकाकै जनशक्तिबाट एन्जिजेन टेस्ट गरिएको छ,  नेपाल सरकारको नियमानुसार हाल सम्म गाउँपालिकाभर स्वास्थ्यकर्मी, कर्मचारी, सुरक्षाकर्मी र ६२ वर्ष माथिका ज्येष्ठ नागरिक गरी जम्मा ४७० जनालाई कोभिड विरूद्वको खोप लगाइएको छ ।
- यसै आ.व.मा गाउँपालिकामा पहिलो पटक पोबाङ स्वास्थ्य चौकीमा ल्याब सेवा संचालन गरिएको छ, ल्याव सेवा संचालनको लागि जनशक्ति व्यवस्थापन र रू. ५ लाखको ल्याब सामाग्री व्यवस्थापन गरिएको छ जसबाट गाउँपालिकाको स्वास्थ्य सेवा सुदृढ गर्नमा टेवा पुगेको छ ।
- गाउँपालिकाका ४ वटा स्थानमा रहेका गाउँघर क्लिनिकमा स्वास्थ्यकर्मी व्यबस्थापन गरि स्वास्थ्य सेवालाई जनताको घरदैलोमा पु-याउने कार्यमा टेवा पुग्न गएको छ, साथै मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमबाट उक्त गाउँघरक्लिनिकहरूमा रू. ५ लाख बराबरको स्वास्थ्य सामाग्री उपलब्ध गराइएको छ ।
- मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत रू ४ लाख पचास हजारको कोभिड लक्षित स्वास्थ्य सामाग्री खरिद गरी ७ वटै स्वास्थ्य संस्थालाई प्रदान गरिएको छ र उक्त कार्यक्रमबाट सुत्केरी महिलालाई कोशेली कार्यक्रमबाट २०० सुत्केरी महिला लाभान्वित भएका छन् ।
- नवजात शिशुका लागि न्यानो झोला वितरण, पूर्ण खोप अभियान, पूर्ण सरसफाई अभियान,महिला स्वास्थ्य स्वंयम सेविकाहरूलाई खाजा खर्च लगायतका कार्यक्रमहरू सम्पन्न गरिएको छ ।
- सुनौलो हजार दिनका महिला तथा घरपरिवारलाई कुखुरा वितरण कार्यक्रम, कुखुरा पालन तालिम र खोर निर्माण तालिमबाट ६९ परिवार लाभान्वित भएका छन् ।
- सर्वोत्तम पिठो लगायत पोषण खाद्यबस्तु तयारी तालिम, पूर्ण सरसफाई सम्बन्धी अभियान, पोषणका लागि अभियान, गर्भवती महिलाहरूलाई सुरक्षित मातृत्व र पोषण सम्बन्धी तालिम लगायतका पोषणशाखाबाट संचालित कार्यक्रमबाट १३० घरपरिवार प्रत्यक्ष लाभान्वित भएका छन् ।

**महिला तथा बालबालिका**

- चालु आ.व. गाउँपालिकाका ७ वटै वडामा शिविर संचालन गरी  १५० जनालाई अपाङ्ग परिचय पत्र र १७०६ जना ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ ।

- महिला विकास शाखाबाट समुह गठन, समूह अनुशिक्षण, लैङ्गीक हिंसा कुरिति कुप्रथा र मावन वेचविखन विरूद्व सचेतनामुलक कार्यक्रम सहित ११३ जना लक्षित वर्ग लाभान्वित भएका छन।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकाका १८३ जना बेरोजगारहरूले १०० दिन बराबर काम प्राप्त गरेका छन् जसबाट १८३ परिवारको घरमा ९४ लाख ६० हजार रूपैयाँ आय आर्जन भएको छ, भने गाउँपालिकाको ७ वटै वडाको विभिन्न स्थानमा ९ वटा योजना मार्फत २८० मीटर मोटरबाटो, ११७० मिटर ढुङ्गे सिँढि , करिव ४ किलोमिटर गोरेटोबाटो, र ९ किलोमिटर मोटरबाटो मर्मत गर्ने कार्य सम्पन्न भएको छ।

**न्यायिक समिति:**

- न्यायिक समिति सदस्य र जनप्रतिनिधिहरूलाई न्यायिक समस्या समाधानको लागि उजुरी दर्ता, कारबाही र किनारा सम्बन्धी क्षमता विकास तालिम संचालन गरिएको छ। न्यायिक समितिले नियमित न्यायिक निरूपणका लागि उजुरी दर्ता देखि किनारा गर्ने, विवाद समाधान गर्ने, मेलमिलाप गराउने लगायतका कार्य गर्दै आएको छ र यस चालु आ.व. मा न्यायिक समिति मार्फत रू. १२,३०५।– राजश्व जम्मा गरिएको छ।

**बजार व्यवस्थापन**

- सुनछहरी गाउँपालिकामा रहेका बजार, व्यवसायलाई व्यवस्थित बनाउन, कानूनी दायरामा ल्याई समग्र नागरिकहरूको हित संरक्षणको लागि उपभोक्ता हित संरक्षण तथा बजार व्यवस्थापन सम्बन्धी कार्यक्रम ७ वटै वडामा संचालन गरिएको छ।
- सुनछहरी गाउँपालिकाका विभिन्न स्थानमा रहेका बजार व्यवसायहरूको समय समयमा अनुगमन, निरिक्षण गरी व्यवसाय दर्ता, नविकरण, म्याद नाघेका बस्तु विक्री वितरणमा रोक लगायतका उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य गरिएको छ।

**अन्य**

- चालु आ.व. मा संघीय सरकारको साझेदारीमा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत प्रति परिवार रू. ५० हजार अनुदान प्रदान गरी १०१ परिवारको घरको फुसको छाना जस्तापाताले विस्थापन गर्ने कार्य गरिएको छ।
- मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत प्राकृतिक विपदबाट पिडित २० परिवारलाई २ लाख ७० हजार रूपैयाँ बराबरको खाद्यान्न लत्ताकपडा राहत प्रदान गरिएको छ।

**सभाअध्यक्ष महोदय,**

अव म आगामी आ.व. ०७८/७९ को बजेटका उदेश्य र क्षेत्रगत प्राथमिकता प्रस्तुत गर्ने अनुमति चहान्छु । बजेटका उदेश्यहरू निम्न बमोजिम रहेका छनः

## बजेटका उद्देश्यहरु:

१. उपलब्ध सीमित स्रोत साधन उच्चतम परिचालन गरी आर्थिक क्षेत्रको सुदृढीकरण गर्दै विकास निर्माणको गतिलाई तिव्रता दिई समृद्व सुनछहरी बनाउने,
२. सवै प्रकारका संक्रामक रोग र विपदबाट नागरिकको जीवनको रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने,
३. स्थानीय सरकारको भूमिकामा वृद्धि गर्दै लोककल्याणकारी राज्यको अवधारणालाई अभिवृद्धि गर्दै मौलिक हक, अधिकारको प्रचलनमा जोड दिने,

बजेटका उदेश्यहरू हासिल गर्न देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरिएको छ ।

## क्षेत्रगत कार्यक्रमगत प्राथमिकताहरू:

१. आधारभूत भौतिक पुर्वाधार विकासका माध्यमबाट आर्थिक, सामाजिक क्षेत्रको अभिवृद्धि गरी गरिवी न्युनिकरणमा टेवा पुर्याउने,
२. कोरोना लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकहरूलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य संस्थाहरूको सुदृढिकरण र स्रोत साधन युक्त बनाउने,
३. वैज्ञानिक कृषि प्रणाली अवलम्बन गरी कृषिको आधुनिकिकरण, विविधिकरण तथा व्यावसायीकरणमा जोड दिई उत्पादन र उत्पादकत्व वृद्वि,
४. लामो तथा छोटो अवधिका व्यवसायीक तथा सीपमुलक तालिमका माध्यमबाट सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारीको सिर्जना गर्ने,
५. आधारभूत मानव अधिकारको संरक्षण र सम्र्वर्धन गर्दै शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी लगायतमा सम्पूर्ण जनताको पहुँच सुनिश्चितगर्ने,
६. सामाजिक, आर्थिक, लैंङ्गीक, धार्मिक, साँस्कृतिक असमानताको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने,

७. सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण लगायतको कार्यहरु मार्फत सुशासन प्रबर्धन गर्ने,
८. राजश्व परिचालन, करको दायरा वृद्धि तथा राजश्व चुहावट नियन्त्रण गरी आन्तरिक आयमा वृद्धि गर्ने।

**अव म आर्थिक वर्ष ०७८ / ०७९ को आय र व्यय प्रस्तुत गर्न चाहन्छु।**

## आय तर्फ

आर्थिक वर्ष ०७८/०७९ को लागि यस सुनछहरी गाउपालिकाको लागि सर्शत अनुदान अन्तर्गत संघिय सरकारवाट **१३,५२,००००० । ( तेह्र करोड बाउन्न लाख रूपैया ),** वित्तिय समानिकरण अनुदान संघीय सरकार वाट **७,६१,००,००० ( सात करोड एकसट्ठी लाख रूपैयाँ ),** संघीय सरकारबाट बिषेश अनुदानबाट रू. **१,१६,००,०००।– (१ करोड १६ लाख रूपैयाँ),** संघीय सरकार समपुरक अनुदानबाट रू. **२१,००,०००।– (२१ लाख रूपैयाँ )** गरी जम्मा रू. **२२,५०,००,०००।–(२२ करोड ५० लाख रूपैयाँ)** प्राप्त भएको छ।

त्यसै गरी प्रदेश सरकार समानिकरण अनुदानबाट रू **३१,८८,०००।– (३१ लाख ८८ हजार रूपैयाँ),** प्रदेश सरकार शसर्त अनादनवाट **८५,४४,०००। ( ८५ लाख ४४ हजार रूपैयाँ ),** प्रदेश सरका बिषेश अनुदानबाट रू. **६०,००,०००।– (६० लाख रूपैयाँ),** प्रदेश सरकार समपुरक अनुदानबाट रू. **१,५०,००,०००।– ( १ करोड ५० लाख)** गरी जम्मा रू. **३,२७,३२,०००।– (३ करोड २७ लाख ३२ हजार रूपैयाँ)** प्राप्त भएको छ।

त्यसै गरी राजश्व बाँडफाँड अन्तर्गत संघिय सरकारवाट **७,२८,२८,०००। ( सात करोड २८ लाख २८ हजार रूपैयाँ ),** राजश्व वाडफाड अन्तर्गत प्रदेश सरकारवाट **४५,६३,१२७.५७।-( ४५ लाख ६३ हजार १२७रूपैया ५७ पैसा )** गरी जम्मा रू. **७७३९११२७.५७ (७ करोड ७३ लाख ९१ हजार १२७ रूपैयाँ र ५७ पैसा)** प्राप्त भएको छ।

त्यसै गरी चालु आ.व. मा रहन सक्ने अल्या रकम **१,५०,००,००० ( एक करोड पचास लाख रूपैयाँ)** जिल्ला समन्वय समिति रोल्पाबाट रू. १३,८०,०००।– (१३ लाख ८० हजार), यस सुनछहरी गाउँपालिकाको आन्तरीक स्रोतको रूपमा **३०,००,००० (३० लाख रूपैया )** गरी जम्मा आन्तरिक स्रोत १,९३,८०,०००।– **(१ करोड ९३ लाख ८० हजार) अनुमान गरिएको छ।**
**यसरी आगामी आ.व. ०७८/०७९ को सुनछहरी गाउपालिकाको जम्मा कुल वजेट रु३५,४५,०३,१२७.५७ ।- ( रु ३५ करोड ४५ लाख ३ हजार १२७ रूपैयाँ र ५७ पैसा) रहेको छ, जसमा सामाजिक सुरक्षा भत्ताको रकम समावेश गरिएको छैन ।**

## व्यय तर्फ

आर्थिक विकास तर्फ **१,३०,०५००० ( एक करोड तीस लाख पाँच हजार )** विनियोजन भएको छ जस अन्तर्गत **कृषि तर्फ ७६ लाख ३३ हजार, पर्यटन तर्फ ४ लाख ३० हजार ,उद्योग तर्फ २९ लाख , पशु पक्षि बिकाश तर्फ २० लाख ४२ हजार रुपैया** बिनियोजन गरिएको छ l

त्यसै गरी सामाजिक बिकास अन्तर्गत **१४,८६,८९,०००l- (चौध करोड ८६ लाख ८९ हजार रूपैया )** विनियोजन भएको छ जस अन्तर्गत शिक्षा क्षेत्र **तर्फ ९ करोड १२ लाख ८६ हजार ,स्वास्थ्य तर्फ ३ करोड ९६ लाख ६३ हजार , खानेपानी तथा सरसफाई तर्फ १ करोड ३० लाख ६९ हजार, भाषा तथा संस्कृति संरक्षण तर्फ ७ लाख, सामाजिक सुरक्षा तथा संरक्षण तर्फ १ लाख १० हजार, युवा तथा खेलकुद तर्फ २२ लाख ५६ हजार, लैंगिक समानता र सामाजिक समावेशीकरणको लागि १६ लाख ५ हजार** बिनियोजन गरिएको छ l

त्यसैगरी पूर्वाधार विकास तर्फ ७,६१,५०,००० ( ७ करोड ६१ लाख पचास हजार) विनियोजन भएको छ जस अन्तर्गत यातायात पूर्वाधारत ४ करोड ९१ लाख, भवन आवास तथा सहरी विकासको लागि २ करोड २० लाख, उर्ज तर्फ रू. १० लाख ५० हजार, पुनः निर्माण तर्फ ४० लाख बिनियोजन गरिएको छ।

त्यसै गरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ १ करोड ७५ लाख २६ हजार विनियोजन गरिएको छ। जस अन्तर्गत प्रशासकीय सुशासन तर्फ १४ लाख ९० हजार कानून तथा न्यायतर्फ ३ लाख ५० हजार श्रम तथा रोजगारी तर्फ ९८ लाख अनुगमन तथा मूल्याङ्कन तर्फ ५६ हजार तथ्याङ प्रणाली तर्फ १३ लाख ८० हजार, वातावरण तथा जलबायु तर्फ ५ लाख, मानव संसाधन विकास तर्फ ५ लाख र विपद व्यवस्थापन तर्फ ३४ लाख ५० हजार विनियोन गरिएको छ।

त्यस्तै गरी कार्यालय संचालन तथा प्रशासकनिक क्षेत्र तर्फ ९ करोड ९१ लाख ३३ हजार १ सय २७ रूपैयाँ र ५७ पैसा विनियोजन गरिएको छ।

।

यसरी कुल वजेट अन्तर्गत पुजिंगत खर्च तर्फ ११,०९,७५,०००।- ( ११ करोड ९ लाख ७५ हजार रुपैया) अर्थात ३२ प्रतिशत र चालु खर्च तर्फ २४,४०,५३,४३०.४५ ( २४ करोड ४० लाख ५३ हजार ४३० रूपैयाँ ४५ पैसा) अर्थात ६८ प्रतिशत वजेट विनियोजन गरिएको छ।

सभाध्यक्ष महोदय

अव म **आगामी आर्थिक वर्षको बजेट**का मुख्य कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**भौतिक पूर्वाधार विकासः**

सुनछहरी गाउँपालिका भौतिक पूर्वाधारको क्षेत्रमा रोल्पा जिल्लाका अन्य गाउँपालिकाको तुलनामा विगत देखि नै पछाडी रहेको कुरा यहाँहरू सवैलाई अवगत नै छ स्थानीय तहको पूर्नसंरचना र गाउँपालिकाको गठन पश्चात गाउँपालिकाका दुर दराजका बस्तीहरूमा सीमित स्रोत साधनका बाबजुद् भौतिक पूर्वाधारको विकासमा तिर्वता दिएको छ । तै पनि हाम्रो भौगोलिक भु- बनोट लगायतका जटिलताको कारण आशातित उपलब्धी हुन सकिरहेको छैन । यस बर्षको बजेटमा पनि पुजिगत बजेटको धेरै हिस्सा भौतिक पूर्वाधारतर्फ विनियोजन गरिएको छः

सवै वडा कार्यालयहरूलाई पालिकाको केन्द्र सम्म सडक बाटोबाट जोड्ने गाउँपालिकाको उदेश्य अनुरूप

१. फगाम मेहलधारा पोबाङ जोड्ने मोटरबाटोको लागि प्रदेश सरकार संगको साझेदारीमा रू. १ करोड विनियोजन गरिएको छ ।
२. बाहिरीगाम मुइकाधारा हुदै भित्रीगाम बासा जोड्ने मोटरबाटो निर्माण योजनाको लागि प्रदेश सरकारसंगको साझेदारीमा रू. १ करोड वनियोजन गरिएको छ ।
३. बाहिरीगाम देखि गाउँपालिका पोबाङ सम्म जोड्ने मोटरबाटो बाहिरीगाम –गाजाखोला धुम्बासा- पोबाङ जोड्ने मोटरबाटो निर्माण योजनाको लागि पनि प्रदेश सरकार संगको साझेदारीमा रू. १ करोड बिनयोजन गरिएको छ । बाहिरीगाम धुन्बासा पोबाङ जोड्ने मोटरबाटो निर्माण योजना संघ सरकार संगको साझेदारीमा रू. ४२ लाख विनियोजन गरिएको छ । यी योजनाहरूबाट आगामी आ.व. मा गाउँपालिकाका सबै ७ वटै वडा पालिकाको केन्द्रसम्म सिधै जोडिने छन् ।
४. जनता आ.वि. भित्रीगाममा विद्यालय भवन निर्माणको लागि संघीय सरकारको विशेष अनुदानमा रू ५८ लाख विनियोजन गरिएको छ, त्यसैगरी दुइखोली खानेपानी योजना बाहिरीगामको लागि रू. ५८ लाख विनियोजन गरिएको छ ।
५. प्रदेश सरकारको शसर्त अनुदानबाट बाहिरीगाम स्याउलीबाङ जोड्ने मोटरबाटो निर्माणको लागि रू. ३० लाख विनियोजन गरिएको छ त्यसै गरी मुनुङखोला कसला गाउँ लिफ्टिङ खानेपानी योजनाको लागि रू. २० लाख बिनियोजन गरिएको छ, जनतामावि घेराबार, फुलिबन तटबन्ध र सेरम खानेपानी धारा मर्मतको लागि १०/१० लाख बिनियोजन गरिएको छ ।

६. गाउँपालिका प्रशासनिक भवन क्रमागत योजनाको लागि रू. १ करोड ५० लाख विनियोजन गरिएको छ।

७. वडा नं. ६ को धर्मशाला गाउँलाई सडक मार्गको पहुँचमा ल्याउने उदेश्य अनुरूप विगत देखि क्रमागत निर्माणमा रहेको सालघारी टंसल धर्मशाला मोटरबाटोको लागि रू. १० लाख विनियोजन गरिएको छ।

८. नेपाल राष्ट्रिय मा.वि स्युरीको अधुरो फिल्ड निर्माण पुरा गर्नको लागि रू. ५ लाख विनियोजन गरिएको छ।

९. सुरक्षित नागरिक आवास कार्यक्रमको लागि संघीय सरकारको अनुदानमा रू. १९ लाख विनियोजन गरिएको छ।

१०. संघीय सरकारको अनुदानमा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको लागि सुनछहरी गाउँपालिका भित्रका १० वटा स्थानमा पुल निर्माणको लागि रू. ६४ लाख विनियोजन गरिएको छ।

११. सहिद स्मृति सभाहल निर्माण योजना फगामको लागि रू. १० लाख विनियोजन गरिएको छ।

१२. विगतका आ.व. देखि नै वडा तर्फ विनियोजित बजेटबाट वडा नं. ७ जेल्बाङले वडा कार्यालय भवनको तला थप गरिरहेकोमा त्यसलाई पूर्णता दिन रू. १५ लाख विनियोजन गरिएको छ।

त्यसै गरी वडा तथा गाउँपालिकाबाट विभिन्न स्थानमा विभिन्न पूर्वाधार विकासका लागि कार्यक्रम तथा योजनामा आवश्यक बजेट विनियोजन अनुसूचिमा उल्लेख गरिएको छ।

१३. कोरोना महामारी लगायत संक्रामक रोग नियन्त्रण तथा निदान स्वास्थ्य जोखिमको न्युनिकरण, स्वास्थ्य प्रणालीमा सुधारको लागि गाउँपालिकाका स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्तीमा स्वास्थ्य सेवा प्रदान गर्न रकम बिनियोजन गरिएको छ।

१४. प्रत्येक स्थानीय तहमा आधारभुत अस्पताल निर्माण गर्ने सरकारको योजना अनुसार गाउँपालिकाको पोबाङमा ५ सैयाको आधारभुत अस्पताल निर्माण गर्न गत आ.व. मा टेन्डर आब्हान भई करिव रु ७ करोडमा बहुवर्षिय सम्झौता भईसकेको छ भने उक्त अस्पताल निर्माण स्थानसम्म मोटरबाटो पहुँचमार्ग निर्माणको लागि रू. ५ लाख विनियोजन गरिएको छ।
आधारभुत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिदमा रू. ११ लाख ५० हजार विनियोजन गरिएको छ।

१५. स्वास्थ्य संस्थाहरूमा जनशक्ति व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

१६. गत वर्ष गाउँपालिकाको ८ स्थानमा निर्माण गरिएका गाउँघर क्लिनिकमा सौचालय निर्माणको लागि रू. ८ लाख वनियोजन गरिएको छ।

१७. प्रकोप व्यवस्थापन कोषमा रू. १३ लाख विनियोजन गरिएको छ जसलाई कोरोना लगायत महामारी तथा विपदमा खर्च गरिने छ।

१८. आलु, बाख्रा तथा साना व्यवसाय कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिन रू. ३१ लाख विनियोजन गरिएको छ। विभिन्न बाली बिउ, फलफुल विरूवा, नर्शरी वितरण र विकासको लागि आवश्यक रकम विनियोजन गरिएको छ । जसलाई अनुसूचिमा उल्लेख गरिएको छ।

१९. विद्यालय पूर्वाधार विकासका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ।

२०. बालविकास सहजकर्ता कार्यालय सहयोगी र विद्यालय कर्मचारीको तलव वृद्धिको लागि रू. १५ लाख ६० हजार विनियोजन गरिएको छ।

२१. गाउँपालिका शिक्षक अनुदान कार्यक्रमको लागि रू. ५३ लाख विनियोजन गरिएको छ।

२२. विद्यालयमा विद्यार्थी छात्रवृत्ति, दिवा खाजा, पाठ्यपुस्तक, लगायतका सवै क्रियाकलापको लागि बजेट बिनियोजन गरिएको छ।

अन्त्यमा आर्थिक श्रोत, नागरिक अपेक्षा र जनशक्ति वीचको तालमेल विना कुनै शासन पद्धति जीवन्त रहन सक्दैन । अतः प्राप्त श्रोतको यहाँको आवश्यकता अनुकुल दृढ इच्छा शक्ति सहित समुचित व्यवस्थापन तथा परिचालन गरी सुशासनको मर्मलाई साँच्चिकै व्यवहारमा परिवर्तन गर्ने चुनौती अहिले आएको छ। आवश्यकता र अपेक्षा असिमित छन् तर श्रोत सिमित छ। सिमित श्रोत साधनबाट अपेक्षित आशाहरु परिपूर्ति गर्न पक्कै पनि कठिन हुनेछ। यसकारण यहाँको माटो सुहाउँदो आवश्यकताको आधारमा यो आ.व.मा सकिने योजना र क्रमागत संचालन गर्ने योजनाहरु वर्गीकरण गरी बजेट विनियोजन गरिएको छ। आशा छ त्यसको लागि गत आ.व.मा गरिएका कमजोरीहरुलाई सुधार गर्दै आगामी आ.व.मा हाम्रो क्षमता, वुद्धी विवेक र एकतालाई उच्चतम विन्दु सम्म प्रयोग गर्दै जनताको अपेक्षित आशाहरु पूरा गर्ने बाचा गर्दछौं। यसैगरी अन्त्यमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने विभिन्न अतिथिगण ज्यूहरु लगायत सम्पूर्ण गाउँपालिका सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। आजको यस सुनछहरी गाउँपालिकाको गाउँसभालाई यहाँ सम्म ल्याई पुर्याउनु हुने भित्री आवरणबाट सहयोग पुर्याउने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु

धन्यवाद।

सुनछहरी गाउँपालिका

सभामा पेश गरेको मिति: २०७८ आसार १० गते